आज मिति २०७८ साल कार्तिक ११ गते शुक्रवारका दिन धवलागिरी गाउँ कार्यपालिका अध्यक्ष श्री थमसरा पुन ज्यूको अध्यक्षतामा बसेको गाउँ कार्यपालिकाको बैठकले तपशिल बमोजिमको उपस्थितिमा देहायबमोजिमका निर्णयहरू गरियो।

उपस्थिति

| | | | |
|---|---|---|---|
| | श्री थमसरा पुन | अध्यक्ष | |
| | श्री रेशम छन्त्याल | उपाध्यक्ष | |
| | श्री झक बहादुर छन्त्याल | वडा अध्यक्ष | वडा नं. १ |
| | श्री राम प्रसाद वि.क. | ,, ,, | ,, ,, २ |
| | श्री पूर्ण पुन | ,, ,, | ,, ,, ३ |
| | श्री गंगा बहादुर घर्ती | ,, ,, | ,, ,, ४ |
| | श्री खर्क कुमारी छन्त्याल | ,, ,, | ,, ,, ५ |
| | श्री रामशरण उपाध्याय | ,, ,, | ,, ,, ६ |
| | श्री कलानिधी शर्मा | ,, ,, | ,, ,, ७ |
| | श्री राम बहादुर वि.क. | कार्यपालिका सदस्य | |
| | श्री टील कुमारी के.सी | ,, | ,, |
| | श्री देव प्रसाद छन्त्याल | ,, | ,, |
| | श्री बाल कुमारी सुनार | ,, | ,, |
| खवा | श्री खवा देवी पुर्जा | ,, | ,, |
| | श्री केनमाया घर्ती | ,, | ,, |
| | श्री गोपाल शर्मा | प्र.प्र.अ. | |

प्रस्तावहरू

१) टेण्डर स्वीकृत गरी सम्झौता गर्ने सम्बन्धमा
२) बोलपत्र आह्वान गर्ने ।
३) मं.पु.का योजनाहरू माग गर्ने सम्बन्धमा ।
४) स्वास्थ्यकर्मीहरूको मासिक पारिश्रमिक सम्बन्धमा ।
५) IEE प्रतिवेदन र टेण्डर सूचना सम्बन्धमा
६) प्रोत्साहन भत्ता कार्यविधि -२०७८ सम्बन्धमा ।

निर्णय नं. १ प्रस्ताव नं. १ उपर छलफल गर्दा गाउँ कार्यपालिकाको कार्यालयद्वारा आह्वान गरिएका ~~तपसिलमा उल्लेखित~~ अनुसूची१ मा योजनाहरूको मिति २०७८/०६/०४ गतेका दिन, बोलपत्र स्वीकृत को आशयको सुचना प्रकाशित गरेकोले सो सुचनामा उल्लेखित बोलपत्रदाताहरूको बोलपत्र स्वीकृत गरी सम्झौता का लागि गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय सर्वसम्मत रूपमा पारित गरियो ।

निर्णय नं. २ प्रस्ताव नं. २ उपर छलफल गर्दा संघीय सरकार विशेष अनुदान अन्तर्गत प्राप्त एक घर एक धारा निर्माण योजना धौ.गा.पा. ६ मराङका लागि गाउँ कार्यपालिकाको कार्यालयद्वारा मिति २०७८/०६/१० मा विद्युतीय बोलपत्र आह्वानका लागि सुचना प्रकाशन भइसकेकोले सो योजना को लागत अनुमान लगायत बोलपत्र प्रकाशन गर्ने सम्म का सम्पूर्ण प्रक्रियालाई अनुमोदन गर्ने निर्णय सर्वसम्मत रूपमा पारित गरियो ।

निर्णय नं. ३ प्रस्ताव नं. ३ उपर छलफल गर्दा यस धवलागिरी गापा अन्तर्गत तपसिलमा उल्लेखित स्थानमा झोलुङ्गे पुल को DPR र झोलुङ्गे पुल निर्माणका लागि आवश्यक बजेट सहित योजना विनियोजन गरिदिन सस्पेन्सन ब्रिज कार्यालयमा अनुरोध गर्ने निर्णय सर्वसम्मत रूपमा पारित गरियो ।

| क्र.सं. | स्थान | योजनाको नाम |
|---|---|---|
| १. | धौ.गा.पा. वडा नं. ६ र ४ | धौ.गा.पा. वडा नं. ६ कौरेनी र धौ.गा.पा. वडा नं. ४ बाँसबोट जोड्ने झोलुङ्गे पुल |
| २. | धौ गा.पा. ४ | तिबोट र ओडु जोड्ने झोलुङ्गे पुल |
| ३. | धौ.गा.पा ६ | धाईरे बोट र खाउरे वाङ जोड्ने झोलुङ्गे पुल |

निर्णय नं. ४ प्रस्ताव नं. ४ उपर छलफल गर्दा धवलागिरी गाउँपालिका अन्तर्गतका विभिन्न स्वास्थ्य चौकीहरूमा कार्यरत तपसिल मा उल्लेखित स्वास्थ्यकर्मीहरूको मासिक पारिश्रमिक मिति २०७८ साल कार्तिक १ गतेदेखि लागू हुने गरी मासिक

बनाहे रु. ६,०००।- (अक्षरूपी छ हजार मात्र) वृद्धि गरे मासिक २६,०००।- (अक्षरूपी छब्बीस हजार मात्र) बनाउने निर्णय सर्वसम्मत रूपमा पारित गरियो ।

| क्र.सं. | कर्मचारीको नाम | पद | कार्यरत स्वास्थ्य संस्था |
|---|---|---|---|
| १. | सागर रोका | अहेव (चौथो) | गुर्जा स्वास्थ्य चौकी |
| २. | बानेका पुन | अनमि ,, | मुदी स्वास्थ्य चौकी |
| ३. | विष्णा गुरुङ | ,, ,, | खिबाङ सा. स्वा. इ. |
| ४. | भगवती सापकोटा | अ.हे.व ,, | खिबाङ ,, ,, ,, |
| ५. | रीना गर्बुजा | ,, ,, | अरबाङ सामुदायिक स्वा. इ. |
| ६. | दाल कुमारी गर्बुजा | ,, ,, | मराङ स्वास्थ्य चौकी |
| ७. | चन देवी ,, | ,, ,, | ताकम स्वास्थ्य ,, |

निर्णय नं. ५ प्रस्ताव नं. ५ उपर छलफल गर्दा धवलागिरी गाउँपालिका भित्र पर्ने गुर्जाखोला, दर खोला, म्याग्दी खोला र मराङ खोलाबाट नदीजन्य पदार्थ उत्खननका लागि IEE प्रयोजनार्थ साईन टेक्नोलोजीबाट प्रा.लि. छनोट भएको र परामर्शदाताले पेश गरेको IEE प्रतिवेदन प्राविधिक समितिबाट समेत पारित भई अध्यक्ष समक्ष पेश भएको र सो प्रतिवेदन मिति २०७८/०६/२७ गते zoom मार्फत आयोजना गरिएको कार्यपालिकाको बैठकबाट पारित भइसकेको, प्रतिवेदनमा उल्लेखित प्रावधानहरूका आधारमा गाउँ कार्यपालिकाको कार्यालयले मिति २०७८/०७/११ गतेका दिन बोलपत्रका लागि सूचना प्रकाशन गरिसकेकोले सोलाई अनुमोदन गर्ने निर्णय सर्वसम्मत रूपमा पारित गरियो ।

निर्णय नं. ६ प्रस्ताव नं. ६ उपर छलफल गर्दा यस धवलागिरी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय वा अन्तर्गत कार्यरत कर्मचारीहरूलाई प्रदान गरिने प्रोत्साहन भत्तालाई व्यवस्थित गर्न कर्मचारी प्रोत्साहन भत्ता कार्यविधि-२०७८ सर्वसम्मत रूपमा पारित गर्ने निर्णय गरियो ।